


## "लैङ्गिक उत्तरदायी सुशासन प्रवर्द्धनका लागि युवा चेपाङ महिला अगुवाहरूको सशक्तिकरण कार्यक्रम"

# लैङ्गिक उत्तरदायी सामाजिक जवाफदेहिता चित्र पुस्तिका

DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# प्रकाशन श्रेय



| | | |
|---|---|---|
| प्रकाशक | : | डेभलप्मेन्ट एक्सचेन्ज सेन्टर (डेक) नेपाल, चितवन |
| प्रकाशन सहयोगी | : | UNDEF (अन्डेफ) |
| सर्वाधिकार | : | डेक नेपाल, चितवन |
| योगदानकर्ता | : | शिखा श्रेष्ठ, नरेन्द्र प्रसाद जोशी, जनक कार्की |
| सम्पादन | : | उपेन्द्र कुमार पौडेल |
| चित्रकार | : | बिजयराज शाक्य |
| प्रकाशन | : | वैशाख २०७७ |


यो निर्देशिका अन्डेफको सहयोगमा डेक नेपालद्वारा संचालित "Helping Young Chepang Women Leaders to Promote Gender Responsive Governance in Nepal" कार्यक्रम अर्न्तगत तयार गरिएको हो । तर, यसमा समावेश गरिएका विषय वस्तुहरूले अन्डेफको दृष्टिकोणलाई प्रतिविम्बित गर्दैनन् ।

# विषय सूची


१. आदिवासि जनजाती चेपाङ विशेषता
२. लैङ्गिकता वा जेण्डर
३. लैङ्गिक भूमिका
४. समता र समानता
५. सशक्तिकरणका चरणहरु
६. स्थानीय योजना तर्जुमा
७. सामाजिक जवाफदेहिता
८. सामुदायिक अङ्क पत्र
९. सामाजिक परीक्षण
१०. सार्वजनिक सुनुवाई
११. सार्वजनिक बजेट सोधखोज (बजेट ट्रयाकिङ)
१२. लैङ्गित उत्तरदायी बजेट
१३. सामुदायिक अंकपत्रका सूचक तथा उपसूचक
१४. चेपाङ महिला नेतृत्व प्रवर्द्धन
१५. बाल विवाह, बहुविवाह

# आदिवासि जनजाती : चेपाङको विशेषता/अवस्था














DEVELOPMENT
EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# आदिवासि जनजाती : चेपाङको विशेषता/अवस्था

१) आफ्नो छुट्टै सामूहिक साँस्कृतिक पहिचान भएको,

२) आफ्नो परम्परागत भाषा, धर्म, रीतिरिवाज र सँस्कृति भएको,

३) परम्परागत सामाजिक संरचना समानतामा आधारित भएको,

४) आफ्नो परम्परागत भौगोलिक क्षेत्र भएको,

५) आफ्नो लिखित वा अलिखित इतिहास भएको,

६) समुदायभित्र "हामी भावना" भएको,

७) जुन समुदायको आधुनिक नेपालको राजनीति र राज्य संचालनमा निर्णयाक भूमिका छैन,

८) जो नेपालको आदिबासी हो,

९) जसले आफूलाई जनजाती भन्दछ,

---


- **डांडाकांडामा बस्ने भएर सेवाबाट बन्चितः** चेपाङहरु उच्च पहाडी, भुभाग तथा जंगली क्षेत्रमा वसोवास गर्ने हुनाले खानेपानी, विद्यालय, स्वास्थ्य चौकि जस्ता अत्यावश्यक आधारभूत सेवाबाट बन्चित छन्
- **पोसिलो खानाको कमीः** खेतीयोग्य जमिनको अभावमा वर्षको ३ महिना मात्र खान पुग्दछ
- **शिक्षा र चेतनाको कमीः** बिद्यालयको अभाव र छोरीहरूलाई पनि पढाउनु पर्छ भन्ने सोच नभएकाले धेरै चेपाङ बालिकाहरु शिक्षाबाट बन्चित् छन्
- **रूढिवादी परम्परा, वाल विवाह र घरेलु हिंसाः** धेरैजसो चेपाङ महिलाहरूको विवाह कम उमेरमा हुने भएकोले चाँडै बच्चा जन्माउने, विद्यालय नगएकाले पैसा कमाउने काममा नलाग्ने र रक्सीको बढि सेवनले घरेलु हिंसा हुने गर्दछ
- **स्थानीय विकासका योजना निर्माण प्रकृयामा चेपाङ महिलाहरूको सहभागीता तथा पहुँच नहुनुः** स्थानीय सरकारमा पहुँच नहुनु, स्थानीय निकायहरूको योजना निर्माण तथा कार्यान्वयन प्रकृयामा चेपाङ महिलाहरूको अर्थपूर्ण सहभागिता नहुनु ।




DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# लैङ्गिकता वा जेण्डर









# लैङ्गिकता वा जेण्डर

समाजद्वारा सृजित महिला र पुरूष तथा विभिन्न वर्गका महिलाहरु बिचको सामाजिक सम्बन्ध र भूमिकालाई नै लैङ्गिकता भनिन्छ । यो परिवर्तनशिल छ र विभिन्न जात, उमेर, वर्ग बिच फरक फरक रहन्छ । सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशले यसलाई प्रभाव पार्दछ । जस्तैः घरको काम महिलाले गर्ने, पुरूषले बाहिर गएर पैसा कमाउने, आदि । सन्तान जन्माउने र स्तनपान गराउने जस्ता काम वाहेक महिलाले गर्ने सवै काम पुरूषले पनि गर्न सक्छन् ।

शारीरिक कारणले भएको फरकलाई प्राकृतिक लिङ्ग भनिन्छ । यो संसारको जुनसुकै भागमा पनि एउटै रहन्छ । जस्तै : शुक्रकिट, गर्भधारण, स्तनपान, आदि ।

सहजकर्तालाई नोट : यी चित्रहरु मध्ये कुन निकै आफ्नो गाउं ठाउंसंग मिल्यो र किन भनेर छलफल पनि गर्न सकिन्छ ।

# लैङ्गिक भूमिका






DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# लैङ्गिक भूमिका

- प्रजनन भूमिका भनेको बालबच्चा स्याहार गर्ने र घर व्यवहारको काम ।
- उत्पादनशिल भूमिका : पैसा कमाउने काम जस्तै : ज्याला मजदुरी र कार्यालय जाने ।
- राजनीतिक भूमिका : समाजमा मान सम्मान पाउने कार्य विभिन्न संघ संस्था वा समुहमा भाग लिने, राजनीतिक दलहरूमा सहभागिता

# लैङ्गिक भूमिका : प्रजनन भूमिका





DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# लैङ्गिक भूमिका : प्रजनन भूमिका

○ **प्रजनन भूमिका भनेको बालबच्चा स्याहार गर्ने र घर व्यवहार**

प्रजजन भूमिकामा बालबच्चा स्याहार गर्ने र घरायसी कामहरु पनि पर्दछन् । जसबाट पैसा कमाउन सकिंदैन तर सो काम नगरे घरपरिवार चल्दैन । जस्तैः बच्चा जन्माउने र उनीहरुको स्याहार सुसार गर्ने, खाना पकाउने, लुगा धुने, भांडा माज्ने, घाँस, दाउरा, गोवर सोर्ने, बिरामी र परिवारका सदस्यहरुको स्याहार सुसार गर्ने, आदि ।

जुन काम हाम्रो समाजमा धेरै महिलाहरूले मात्र गर्नु पर्दछ भन्ने मान्यता रहिआएको छ ।

जुन कामको कुनै मूल्याङ्कन हुँदैन, नत काम गरेवापत कुनै पारिश्रमिक पाउँदछन् ।

के चित्रमा देखाएको धेरै जस्तो कामहरू हाम्रो समाजमा पुरूषहरूले गर्न सकदैनन् र ? यस प्रकारका घरेलु काम काजहरू घरका सबै सदस्यः घरका महिला पुरूष सदस्यहरू मिलेर गरेमा काम चाँडो र सजिलै सकिन्छ । महिलाहरूले पनि वाहिर गएर अन्य उत्पादनमुलक कार्य गरेर आय आर्जन गर्न सक्दछन् ।

# लैङ्गिक भूमिका : उत्पादनशिल भूमिका





DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# लैङ्गिक भूमिका : उत्पादनशिल भूमिका

यस भूमिकामा गरिने कामबाट प्रत्यक्ष पैसा प्राप्त हुन्छ, जस्तैः ज्याला मजदुरी, कार्यालय जाने, व्यापार गर्ने, आदि ।

प्राय हाम्रो समाजमा उत्पादनशिल कामहरूमा पुरूषहरूको सहभागीता हुने गरेको पाइन्छ । महिलाहरूले काम गरेता पनि कम ज्याला दिने गरेको पाईन्छ ।

नेपाल जस्तो देशमा महिला र पुरूषले एउटै काम गरे पनि महिलाहरूलाई कम ज्याला दिने गरिन्छ । समान कामको लागि समान ज्यालाको वारेमा हामी सवैजना चनाखो हुनुपर्दछ ।

महिलाहरूले विभिन्न शिपमुलक तालिमहरू लिएर उत्पादनमुलक काम गरेर आय आर्जन गरि आत्मनिर्भर हुनु पर्दछ ।



DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# लैङ्गिक भूमिका : राजनीतिक भूमिका















DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# लैङ्गिक भूमिका : राजनीतिक भूमिका

समाजको विकासका लागि गरिने सामुदायिक, सरकारी तथा राजनीतिक क्रियाकलापहरु, स्रोत साधन र अवसरको बाँडफाँडको निर्णय, आयोजना तथा सभा सम्मेलनमा नेतृत्व गर्ने आदि कार्यहरूलाई राजनीतिक भूमिका भनिन्छ ।

यस्तो काम गर्दा प्रत्यक्ष रुपमा पैसा नभए तापनि सामाजिक र राजनीतिक रूपमा मान सम्मान पाउनाका साथै विभिन्न अवसरहरु प्राप्त हुन्छ । यस्ता भूमिकामा बढी मात्रामा पुरूषहरु नै संलग्न भएको पाइन्छ । अब महिलाले पनि यस्ता कार्यहरूमा सहभागीता बडाउनु पर्दछ ।


आगामि दिनमा महिलाहरूले पनि विभिन्न समूह, संघ संस्था, सहकारी, उपभोक्ता समिति तथा राजनीतिक पार्टीमा सहभागीता जनाउनुका साथै नेतृत्वदायी भूमिका निभाउन सकृय हुनु पर्दछ ।



DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# समता र समानता




→







→




# समता र समानता

नेपालमा पक्कै पनि महिला र पुरूषको अवस्था एकै खालको छैन । यस्तो अवस्थामा महिलाहरूलाई समाजबाट उनीहरूको कार्यबोझमा कमी ल्याउनका साथै शिक्षा, पैसा कमाउने तथा निर्णय गर्ने अवसरहरु दिन आवश्यक छ । यसरी महिलाहरूलाई दिइएको थप अवसरहरूलाई नै सकारात्मक विभेद भनिन्छ ।


महिला र पुरूष विच कुनै भेदभाव नगरी समान श्रोत साधन र सुविधा दिनु समानता हो भने अवस्था र आवश्यकता अनुसारको श्रोत साधन, सुविधा र अवसर दिनु भनेको समता हो ।

समानता भनेको अन्तिम लक्ष्य हो जहाँ महिला र पुरूषहरूले समान अधिकार प्राप्त गर्दछन् । यी समान अधिकार प्राप्त गर्नका निम्ति चालिने पाईलाहरूलाई समता भनेर बुझ्न सकिन्छ ।

# सशक्तिकरणका चरणहरू




१. कल्याणकारी




२. सुविधा पहुँच




३. सचेतना




४. सहभागिता




५. स्वामित्व तथा नियन्त्रण



DEVELOPMENT EXCHANGE CENTER NEPAL
UNDEF The United Nations Democracy Fund

# सशक्तिकरणका चरणहरू

सारा लङ्वेले प्रतिपादन गरेको सशक्तिकरणका पाँच चरणहरूः

**प्रथम चरणः– कल्याणकारीः** दैनिक आवश्यकता जस्तै गांस, बास र कपास जस्ता अति आवश्यक बस्तुहरूको उपलब्धता

**दोश्रो चरणः– पहुँचः** खानेपानी, सरसफाइका निम्ति चर्पी, बनका दाउरा, बिजुली, मोबाईल जस्ता साधन तथा तालिमका अवसरहरूको प्राप्ति

**तेश्रो चरणः– संचेतनाः** भोगेका समस्याहरूको वारेमा छलफल र समाधानका उपायका वारेमा जानकारी

**चौंथौ चरणः– सहभागीताः** स्थानीय योजना तथा विकास संग सम्बन्धित विभिन्न कार्यक्रमहरूमा सहभागीता

**पांचौं चरणः– स्वामित्व तथा नियन्त्रणः** नागरिक संचेतना मञ्च, खानेपानी र सरसफाई उपभोक्ता समिति, वन उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति, बचत तथा ऋण समूहहरूमा निर्णायक पदमा नियुक्ती

# स्थानीय योजना तर्जुमा

१. संघ तथा प्रदेशबाट बजेट तर्जुमा मार्गदर्शन प्राप्त

२. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण


३. बस्ती वा टोलबाट योजना छनौट

४. वडा स्तरीय योजना प्राथमिकिकरण

५. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट कार्यक्रम तयारी

६. गाउँ/नगर कार्यपालिका बैठकबाट स्वीकृति र पेश

७. गाउँ/नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति




**चेपाङ महिला सशक्तिकरण र सहभागिता**

श्रोतः स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

# स्थानीय योजना तर्जुमा

स्थानीय निकाय जस्तै गाउँपालिका तथा नगरपालिकाहरूले विभिन्न सरोकारवालाहरूसंग मिलेर स्थानीय निकायका निम्ति बनाउने योजनालाई नै स्थानीय योजना भनिन्छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ का अनुसार जम्मा ७ वटा चरणहरूको व्याख्या गरिएको छ ।

१. संघ तथा प्रदेशबाट बजेट तर्जुमा मार्गदर्शनको प्राप्ति

२. श्रोत अनुमान र कूल बजेट सीमा निर्धारण

३. वस्ती वा टोलबाट योजना छनौट

४. वडा स्तरीय योजना प्राथमिकीकरण

५. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट कार्यक्रम तयारी

६. गाउं र नगर कार्यपालिका बैठकबाट स्वीकृति र पेश

७. गाउं र नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति

**नोट** : यो पहिलाको चौध चरणको बजेट तर्जुमा प्रक्रियाको सट्टामा आएको नयाँ प्रक्रिया हो । नयां विधि अनुसार चरण ३ र ४ मा विशेषतः चेपाङ महिलाहरूको सहभागिता आवश्यक पर्दछ ।

# वस्ती र वडा तहका योजना छनौट












DEVELOPMENT
EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# वस्ती र वडा तहका योजना छनौट

**वस्ती तहका योजना छनौट**

(क) वडा समितिले वडा सदस्यहरूलाई विभिन्न वस्ती र टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्छ ।

ख) वडाका वस्तीहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउँछ ।

(ग) वस्तीतहका योजना छनौट गर्दा वस्ती भित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, थारू, मुस्लिम, उत्पीडित, पिछडा वर्ग, अल्पसंख्यक, अति सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(घ) टोल र वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल/वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरू (टोल विकास संस्था, चेपाङ महिला पैरवि मञ्च, आमा समूह, वाल क्लव र सञ्जाल, युवा क्लव, विभिन्न सरकारी कार्यालयबाट गठन भएकाल समूह जस्ता समूहहरू) लाई पनि सहभागी गराउनु पर्नेछ । माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरूको सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारीत समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल गरी योजनाहरूको छनौट गर्नु पर्नेछ । यसरी छनौट भएका योजनाहरूको सूची संयोजकले लिखित रूपमा वडा समितिमा पठाउनु पर्नेछ ।

- बैसाख मसान्त भित्र बैठक संचालन हुन्छ । बैठकमा अनिवार्य रूपमा अगुवा चेपाङ महिला पैरवी मञ्चका सदस्यहरूले सहभागीता जनाएर योजनाहरू माग गर्ने ।
- यसका साथै वडा तहको योजना छनौट प्रकृयामा भाग लिने । आफ्ना वडाका स्थानीय जन प्रतिनिधिहरूलाई ताकेता गर्ने, योजना पार्न दवाव सृजना गर्नुका साथै गाउँ तथा नगर कार्यपालिकामा समेत वेलावेलामा योजना स्वीकृतिको लागी दवाव दिन पैरवी गर्ने ।

# सामाजिक जवाफदेहिता


शिक्षा शाखा (विद्यालय अवलोकन)
अगुवा चेपाङ महिला पैरवी मञ्चका प्रतिनिधि ज्यूहरु स्थानीय तहमा सेवा सुविधाको प्रभावकारिता बारे छलफलमा सहभागी हुँदै
पशु सेवा केन्द्र शाखा
कृषि शाखा
स्वास्थ्य शाखा

# सामाजिक जवाफदेहिता

सामाजिक जवाफदेहिता त्यस्तो अवधारण हो । जसमा नागरिकहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सार्वजनिक सेवा तथा स्रोतको न्यायोचित उपयोगको लागी सेवा प्रदायकहरूवाट जवाफदेहिता माग गर्न सहभागी हुन्छन । यसरी जवाफदेहिता माग गर्दा नागरिकले निभाउनु पर्ने दायित्व तथा जिम्मेवारीको पनि ध्यान दिएको हुन्छ ।

साथै सामाजिक जवाफदेहिताले सार्वजनिक सेवा प्रदायकहरूले आफुले गरेको कामको प्रक्रिया, गुणस्तर र नतिजाको लागी आम नागरिकहरूलाई चित्त बुझ्दो जवाफ दिने र गलत गरेको अवस्थामा सुधारको प्रतिवद्धता गर्ने पद्दतिलाइ जनाउँछ ।

विश्व बैकको प्रतिवेदनमा देशका नागरिक, समुदाय, स्वतन्त्र संचार जगत तथा नागरिक समाज संस्थाले सार्वजनिक पद धारण गर्ने कर्मचारी तथा पदाधिकारीहरूलाई उत्तरदायी वनाउन अपनाईने विभिन्न संयन्त्र तथा कृयाकलापहरू सामाजिक जवाफदेहिताको रूपमा व्याख्या गरीएका छन ।

# सामाजिक जवाफदेहिता किन?















DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# सामाजिक जवाफदेहिता किन?

## सामाजिक जवाफदेहिताले योगदान पुऱ्याउने क्षेत्रहरू

- सुशासन प्रर्वधन
- सार्वजनिक सेवा सुविधा र नीतिमा सुधार तथा अभिवृद्धि
- सशक्तिकरण

## सामाजिक जवाफदेहिता

clwsf/ s t{o / bfloTj ;lxt sf]; ]fsf]dfu

| सेवा प्रदायक: | सेवाको सूची | सेवाग्राही |
|---|---|---|
| सरकारी सेवा प्रदायक: गाउँपालिका, नगरपालिका, जिसस, स्वास्थ्य शाखा, कृषि, पशु शाखा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, गैर सरकारी संस्थाहरू, नेपाल चेपाङ संघ अन्य | स्वास्थ्य, शिक्षा, सीप विकास, महिला विकास, क्षमता अभिवृद्धि, कृषि तथा पशु सेवा | चेपाङ महिला, बालबालिका, अन्य |



DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# सामाजिक जवाफदेहिता र प्रचलित संयन्त्रहरू

## सामाजिक जवाफदेहिताका संयन्त्रहरू

| सूचना सम्बन्धी संयन्त्र | जवाफदेहिता सम्बन्धित संयन्त्र | सहभागितामूलक विकास सम्बन्धित संयन्त्र |
|---|---|---|
| १. नागरिक वडापत्र<br>२. सेवा सुविधाहरूको सूची<br>३. स्थानीय निकाय (गाउँपालिका, नगरपालिका)को बजेट<br>४. सूचनाको हकसम्बन्धी कानून<br>५. नागरिकसँग सम्बन्धित कानुन, नीति तथा नियमहरूको सँगालो | ६. नागरिक शिक्षा<br>७. सामुदायिक अङ्कपत्र<br>८. नागरिक प्रतिवेदनपत्र<br>९. सार्वजनिक सुनुवाई<br>१०. सार्वजनिक लेखापरीक्षण<br>११. सार्वजनिक रावश्व अनुगमन<br>१२. सार्वजनिक खर्चको सोधखोज<br>१३. नागरिक उजुरी संरचना<br>१४. मापदण्ड एवं सूचकहरूको सूची | १५. बहुसरोकारवाला समूह<br>१६. सहभागितामूलक योजना तर्जुमा<br>१७. सहभागितामुलक बजेट तर्जुमा<br>१८. समुदाय नेतृत्व खरिद<br>१९. सम्पत्ति घोषणा<br>२०. निर्हित स्वार्थको बुझाई<br>२१. सदाचार पद्धति |





DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# सामाजिक जवाफदेहिता र प्रचलित संयन्त्रहरू

कार्यक्रमको सन्दर्भमा सामाजिक जवाफदेहिताले सार्वजनिक सेवा प्रदायक वा पदाधिकारीहरूमा चेपाङ महिलाको निम्ति थप कार्यक्रम सञ्चालनका निम्ति उत्प्रेरणा जगाउँदछ । अन्य विकास संघ संस्थाहरूको लगानीलाई पनि चेपाङ महिलाका लागि थप्नका लागि पनि योगदान पु¥याउंदछ । चेपाङ महिलाको सशक्तिकरणका निम्ति चेपाङ महिला स्वयं, नागरिक समाज संस्था तथा सरकारविच बढ्दो समन्वयलाई पनि सघाउंदछ । तसर्थ, सामाजिक जवाफदेहिताले सहभागीता, पारदर्शिता र समानुपातिक विकासलाई सघाउंदै सशक्तिकरणमा विशेष योगदान दिन्छ । यसका विभिन्न विधिहरु आवश्यकता अनुरूप प्रयोग गर्न सकिन्छ ।

चेपाङ महिलाको सशक्तिकरणका निम्ति चेपाङ महिला स्वयं, नागरिक समाज संस्था तथा सरकारविच बढ्दो समन्वयलाई पनि सघाउंदछ । तसर्थ, सामाजिक जवाफदेहिताले सहभागीता, पारदर्शिता र समानुपातिक विकासलाई सघाउंदै सशक्तिकरणमा विशेष योगदान दिनेहुनाले । यसका विभिन्न विधिहरूलाई आवश्यकता अनुरूप प्रयोग गर्न सकिन्छ ।

**प्रचलित ऐन कानुनमा सामाजिक जवाफदेहिताका प्रावधानहरू**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवाहरूको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न सामाजिक जवाफदेहिताका औजारहरू जस्तैः सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ प्रयोग गर्नुपर्ने प्रावधान राखेको छ ।

**सुशासन प्रवर्धन रणनीति तथा कार्ययोजना, २०७४**

गाउँपालिका तथा नगरपालिकाले पारदर्शिता, जवाफदेहिता र सदाचार व्यवस्थापनका लागि आवश्यक नीति तथा ऐन गाउँ वा नगरसभाबाट तजुमा गर्ने तथा लैङ्गिक उत्तरदायी एवं समावेशी बजेट परीक्षण, सामुदायिक अङ्क तालिका, सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण सम्बन्धी कार्यविधिहरू तयार गर्ने व्यवस्थाको उल्लेख गरिएको छ ।

# सामुदायिक अङ्क पत्र

सार्वजनिक सेवाको गुणस्तरलाई स्थानीय सेवाग्राही नागरिकहरूले मूल्यांकन गरी सेवा प्रदायकहरूलाई आवश्यक सुझावहरू प्रदान गर्ने सहभागितामूलक विधिलाई सामुदायिक अङ्कपत्र भनिन्छ ।

उपलब्ध सेवा सुविधाका बारेमा सूचना प्रदान गर्ने, सेवासुविधाको प्रभावकारिताको सहभागितात्मक मूल्यांकन गर्ने, प्रतिक्रिया संकलन गर्ने तथा सेवा प्रदायकहरूका लागि रचनात्मक सुझावहरू प्रदान गर्ने एक सहभागितामूलक विधि हो ।





DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

# सामुदायिक अङ्क पत्र

सामुदायिक अङ्क पत्र भनेको समुदायका व्यक्तिहरूले सेवा प्रदान गर्ने संस्थाहरु जस्तै गाउँ तथा नगरपालिका, जिल्ला समन्वय समिति, स्थानीय सरकारी कार्यालयहरु (खानेपानी, बन, महिला तथा बालबालिका, शिक्षा तथा स्वास्थ्य आदि)का साथै चेपाङ संघ जस्ता गैर सरकारी संस्थाहरूको पछाडि पारिएका वर्गको हक हित प्रवर्द्धन र विकास प्रतिको जवाफदेहिता कस्तो छ भनेर पत्ता लगाउने विधि हो । यसका उद्देश्यहरु निम्न लिखित छन्:

- विकास योजना अन्तरगत उपलब्ध सेवा सुविधा सोचे अनुरूप भए नभएको बारे छलफल गरी आगामी दिनमा सुधार गर्ने
- सेवा प्रदायक संघ संस्थाहरूले दिएको सेवा सुविधाको गुणस्तरलाई अनुगमन तथा मूल्याङ्कन गरी अंकको माध्यमबाट सेवा सुविधाको स्तर मापन गर्ने
- सेवा प्रदायक संघ संस्था तथा स्थानीय नागरिकहरूले आ–आफ्नो जिम्मेवारी कुन तहसम्म पूरा गरेका छन् मूल्याङकन गरी आगामी दिनहरूमा त्यसलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउन तथा सेवास्तरलाई चेपाङ मैत्री तुल्याउन सुधार गर्ने

सामुदायिक अङ्क पत्रको तयारीका निम्ति प्रमुख तया चार चरणमा कार्य सम्पादन गर्नुपर्दछ ।

१. तयारी प्रक्रिया तथा सहजकर्ताहरूको छनौट

२. सामुदायिक अङ्क पत्रका निम्ति सूचकहरु तयारी र सूचकहरूको आधारमा जानकारी संकलन तथा मूल्याङ्कन

३. विभिन्न कार्यक्रमहरूमा सामुदायिक अङ्क पत्रको नतिजा प्रस्तुत र अवस्था सुधारका लागि भावि कार्यदिशा तयारी तथा अनुमोदन

४. भावि कार्यदिशा कार्यान्वयन तथा प्रगति अनुगमन गर्ने

# सामाजिक परीक्षण



सामाजिक परीक्षण भन्नाले विभिन्न सरोकारवालाहरूको सहभागीतामा सार्वजनिक संस्था तथा परियोजना/कार्यक्रमको प्रगति, प्रभावकारिता, चुनौति र सम्भावनाको पहिान गरि प्रतिवेदन तयार गर्ने र सार्वजनिक रूपमा छलफल गर्ने प्रक्रियालाई जनाउँछ ।



यस विधिको प्रयोगबाट विकास निर्माण योजनामा सहभागिता, पारदर्शिता सुशासन अभिवृद्धि गर्न मद्दत पुग्नुको साथै परियोजनाहरू प्रभावकारी कार्यन्वयनमा सहयोग पुग्दछ ।

# सामाजिक परीक्षण

सामाजिक भन्नाले समाजका सदस्यहरूको सहभागीता र परीक्षण भन्नाले मूल्याङ्कनको एउटा विधि हो । सामाजिक परिक्षणले समाजका सदस्यहरूको सहभागीतामा गरिने लेखाजोखालाई जनाउँछ ।

सामाजिक जवाफदेहिताको संयन्त्रको सन्दर्भमा सामाजिक परीक्षण भन्नाले विभिन्न सरोकारवालाहरूको सहभागीतामा सार्वजनिक संस्था तथा कार्यक्रमको प्रगती,प्रभावकारीता,चुनौती र संभावनाको पहिचान गरि प्रतिवेदन तयार पार्ने र सार्वजनिक रूपमा छलफल गर्ने प्रकृयालाई जनाउद छ । तसर्थ यस प्रक्रियाले पारदर्शिता अभिवृद्धि गर्नुका साथै चेपाङ महिला जस्ता पछाडि पारिएका वर्गहरूको सशक्तिकरणका निम्ति चेपाङ महिला स्वयं, स्थानीय सरकारी निकाय तथा नागरिक समाजका प्रतिनिधिहरूलाई जिम्मेवार बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । यसका प्रमुख चरणहरु निम्न लिखित छन्:

१. **प्रारम्भिक तयारी तथा परीक्षण टोलीको चयन:** स्थानीय सहजकर्ता, प्रभावकारी नेता, स्थानीय सरकारी निकाय तथा विभिन्न सरोकारवालाहरूसंगको परामर्शमा परीक्षण टोलीको चयन गर्नुपर्दछ ।

२. **परीक्षणका लागि विश्लेषण क्षेत्र र सरोकारवालाहरूको चयन:** परीक्षणका निम्ति सामुदायिक अङ्क पत्रबाट आएका अङ्कहरूको परिवर्तनलाई विश्लेषणको आधारको रूपमा लिन सकिन्छ । यसका साथै, कार्यक्रमका सूचकहरूमा आएको परिवर्तनलाई मध्य नजर गरेर पनि मूल्याङ्कन गर्न सकिन्छ ।

३. **सूचना संकलन र विश्लेषण**

४. **सार्वजनिक सुनुवाई मार्फत समीक्षात्मक विश्लेषण सम्बन्धी जानकारी आदान प्रदान**

# सार्वजनिक सुनुवाई






सेवा प्रदायक र सेवाग्राही बिच सार्वजनिक सेवाको प्रभावकारिता बारेमा हाकाहाकी छलफल गर्ने र नागरिकहरूको गुनासा र सुझावहरू बारे छलफल गर्न आयोजित भेलालाई सार्वजनिक सुनुवाई भनिन्छ ।



DEVELOPMENT EXCHANGE CENTER NEPAL


UNDEF The United Nations Democracy Fund


# सार्वजनिक सुनुवाई

सेवा प्रदायक (आधिकारीक संस्था) र सेवाग्राही (नागरिकहरू)का बिच सार्वजनिक क्षेत्रमा भउगरेका विषयगत विकास सम्बन्धी कामको तत्काल हुदैगरेको अवस्था तथा कार्य सम्पन्न भैसकेको अवस्थालाई सार्वजनिक रूपमा नागरिकहरूलाई जानकारी प्रदान गर्न संञ्चालन गरिएको मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । तसर्थ, सेवाप्रदायक निकायहरूलाई आफूले दिँदै आएको सेवा तथा वस्तुको प्रभावकारिता कस्तो रहेको छ भनेर बुझ्न र कमी, कमजोरी भएको खण्डमा सुधारका लागि सुझाव संकलन गर्न पनि यो संयन्त्र प्रभावकारी हुन्छ ।

सार्वजनिक सुनुवाई आयोजना गर्दा सार्वजनिक स्थलमा महत्वपूर्ण पद ओगटेका जिम्मेवार व्यक्तिहरूलाई खुल्ला रूपमा प्रश्न उत्तर गरिने भएकाले अनुसन्धानका साथै व्यापक तयारीको पनि खांचो हुन्छ । त्यस्तै गरेर, पछाडि पारिएका वर्गहरूलाई पनि आफ्नो गुनासा वा सुझावहरु व्यक्त गर्नका लागि पूर्व तयारी गर्नुका साथै जिम्मेवार निकायका पदाधिकारीहरूलाई सम्भाव्य प्रश्न र प्रतिवद्धता तयार गर्न सहजकर्ताको प्रमुख भूमिका रहेको हुन्छ ।

# सार्वजनिक बजेट सोधखोज (बजेट ट्र्याकिङ)



# सार्वजनिक बजेट सोधखोज (बजेट ट्र्याकिङ)

सार्वजनिक स्रोत र साधनको उपयोग कहाँ किन, कति र कसरी भइरहेको छ भन्ने कुरामा अध्ययन र अनुसन्धान गरि जनतालाई सुसूचित गर्ने र सार्वजनिक स्रोत र साधनको उपयोगमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले सार्वजनिक खर्च अनुगमनको शुरूवात गरिएको हो ।

## बजेट ट्र्याकिङ किन ?

- बजेट कहाँबाट आउछ र कसरी खर्च हुन्छ भन्ने विषयमा जानकारी लिने
- अनियमितता र भ्रष्टाचार नियन्त्रण
- स्रोतको सदुपयोग सुनिश्चित गर्न
- कार्यक्रम र बजेटको उद्देश्य हासिल गर्न
- कुनै खास क्षेत्रको अधिकार सुनिश्चित गर्न
- पारदर्शिता र स्वच्छता कायम गर्न
- बजेट प्रणालीका कमजोरी पत्ता लगाउन
- अनुगमन प्रणालीलाई मजबुत बनाउन
- आगामी बजेटका लागि पृष्ठपोषण र डाटावेस तयार गर्न
- बजेटको प्रभावकारीता अध्ययन गर्न
- खोज र अनुसन्धानमा सहजता ल्याउन
- लेखापरीक्षण स्वतन्त्र र प्रभावकारी बनाउन
- सार्वजनिक खर्चलाई प्रभावकारी बनाउन

## बजेट ट्र्याकिङमा ध्यान दिनुपर्ने पक्षहरू

- के ?(बजेटको उद्देश्य के थियो ? केका लागि थियो?
- को ?(बजेटको तर्जुमा र कार्यान्वयन गर्ने निकाय वा व्यक्ति को हो ?
- कसले ? अनुगमन कसले गर्ने ?
- कहिले ? - बजेट कहिले खर्च गर्नुपर्ने थियो ?
- कहाँ ? - बजेट कहाँ खर्च गर्नुपर्ने थियो ?
- किन ? - बजेट किन त्यो क्षेत्रमा खर्च गर्नुपर्छ ?
- कसरी ? - बजेट कसरी खर्च हुँदैछ ?
- योजना अनुसार नै बजेट कार्यान्वयन हुँदैछ त ?
- कार्यान्वयनबाट के उपलब्धी भए र प्रमाण के हुन् ?
- लेखा उपयुक्त रूपमा राखिएको छ वा छैन ?
- लेखापरीक्षण स्वतन्त्र र स्वच्छ भएको छ वा छैन ?
- अपेक्षित लक्ष्य हासिलमा योगदान दिन्छ वा दिँदैन ?

# लैङ्गिक उत्तरदायी बजेट

लैङ्गिक समानतालाई केन्द्रमा राखी कार्यक्रम तर्जुमा गर्ने र सोको लागि बजेट मार्फत स्रोत सुनिश्चितता गर्नु र योजना कार्यान्वयन गर्नु लैङ्गिक उत्तरदायी बजेट हो ।

कुनै निश्चित अवधिका लागि आवश्यक पर्ने कूल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्यलाई केन्द्रमा राख्नु पर्दछ । लैङ्गिक समानतालाई केन्द्रमा राखी उद्देश्यमूलक ढंगले, योजनाबद्ध रूपमा, लैङ्गिक विश्लेषण सहित आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपयोग हुनेगरी गरिने बजेट तर्जुमा प्रक्रियालाई नै लैङ्गिक उत्तरदायी बजेट पद्धति भनिन्छ ।

स्रोतः लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति, २०७२

**लैङ्गिक उत्तरदायी बजेटमा चेपाङ महिला नेतृत्व प्रवर्द्धनका सुचकहरू**

| क्र.सं. | आधारहरू | वर्गीकरण |
|---|---|---|
| १ | महिलालाई ५० प्रतिशत वा सो भन्दा बढी लाभ पुग्ने क्रियाकलाप | प्रत्येक्ष लाभ |
| २ | महिलालाई २० प्रतिशत वा सो भन्दा बढी र ५० प्रतिशत भन्दा कम लाभ पुग्ने क्रियाकलाप | अप्रत्यक्ष लाभ |
| ३ | महिलालाई २० प्रतिशत भन्दा न्यून लाभ पुग्ने क्रियाकलाप | तटस्थ |

| क्र.सं. | सूचक | प्रतिशत |
|---|---|---|
| १ | योजना तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागीता | २० |
| २ | महिलाहरूको क्षमता अभिवृद्धि | २० |
| ३ | कार्यक्रममा महिलाको लागि लाभ र नियन्त्रणमा सुनिश्चितता (अन्य लक्षित वर्गका कार्यक्रममा समेत) | ३० |
| ४ | महिलाहरूको रोजगारी र आय आर्जनमा अभिवृद्धि | २० |
| ५ | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यवोझमा कमी | १० |
| | जम्मा | १०० |

# स्थानीय निकायको लैङ्गिक उत्तरदायी सुशासन मूल्याङ्कनका लागि सामुदायिक अङ्कपत्रका मस्यौदा सूचक र उपसूचकहरू

| क्र.सं. | क्षेत्रहरू | सूचकहरू | उप सूचकहरू | पूरा अंक | हालको अंक | प्रमख कारणहरू | लक्षित अंक |
|---|---|---|---|---|---|---|---|
| **१.** | **नीति, योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता** | | | | | | |
| **१.१** | | **नीति, योजना कार्यक्रम तथा बजेट तर्जुमामा महिला सहभागीता** | | २० | | | |
| | | | स्थानीय निकायको अगुवाईमा हुने योजना, कार्यक्रम र बजेट तर्जुमा बैठकमा निम्न वमोजिम भएमा<br>उत्तम - स्थानीय स्तरमा ५०% वा सो भन्दा बढीको संख्यामा महिला प्रतिनिधि, चेपाङ महिलाको उल्लेख्य उपस्थिति<br>मध्यम - स्थानीय स्तरमा ३३ देखि ४९% सम्म महिला प्रतिनिधि, चेपाङ महिलाको मध्यम उपस्थिति<br>सामान्य - ५% देखि ३२% महिला उपस्थिति, चेपाङ महिलाको केहि मात्र उपस्थिति | ४<br>३<br>२ | | | |
| **१.२** | | **कार्यान्वयनमा महिला सहभागीताको सुनिश्चितता** | | | | | |
| १.२.१ | | | कार्यक्रम कार्यान्वयनमा महिला सहभागीताको ब्यवस्था - परियोजना र कार्यक्रम : कर्मचारी तह र कार्यक्रम व्यवस्थापन समितिमा निम्नानुसार महिलाको संलग्नता हुने ब्यवस्था भएमा<br>उत्तम (निर्णायक पदमा ५०% वा बढी)<br>मध्यम (निर्णायक पदमा ३३ देखि ४९% सम्म)<br>सामान्य (निर्णायक पदमा ५ देखि ३२% सम्म) | ५<br>४<br>३ | | | |
| १.२.२ | | | स्थानीय निकायमा महिलाको सहभागति : गाउं तथा नगरपालिका, वडा समिति, उपभोक्ता समिति) निर्णायक तहहरुमा महिला सहभागीताको व्यवस्था<br>उत्तम : निर्णायक तह र पदाधिकारीहरुमा ५०% वा बढी, चेपाङ महिलाको बढि उपस्थिति<br>मध्यम : निर्णायक तहमा ३३% देखि ४९% तथा मध्यम चेपाङ महिलाको बढि उपस्थिति<br>सामान्य : निर्णायक तहमा १०% देखि ३२% सम्म तथा केहि चेपाङ महिलाको उपस्थिति | ४<br>३<br>२ | | | |



DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

| क्र.सं. | क्षेत्रहरू | सूचकहरू | उप सूचकहरू | पूरा अंक | हालको अंक | प्रमख कारणहरू | लक्षित अंक |
|---|---|---|---|---|---|---|---|
| १.२.३ | | | योजना व्यवस्थापन तथा कार्यान्वयन समितिका बैठकमा महिला विशेषतः चेपाङ महिलाहरूको अनिवार्य उपस्थिति हुनुपर्ने ब्यवस्था गरिएको भएमा | ३ | | | |
| **१.३** | | **अनुगमनमा महिला सहभागीताको व्यवस्था** | | | | | |
| | | | अनुगमन योजनामा महिला वा लैङ्गिक सम्पर्क व्यक्ति वा चेपाङ जस्ता पछाडि पारिएका महिलाहरूको सहभागिता | ४ | | | |
| **२.०** | **महिलाहरूको क्षमता अभिवृद्धि** | | | **२०** | | | |
| २.१ | | नीति निर्णय तथा कार्यान्वयन तहका महिलाहरूको क्षमता अभिवृद्धि | | | | | |
| | | | महिला विशेषताः चेपाङ जस्ता पछाडि पारिएका महिलाहरूको क्षमता अभिवृद्धिको लागि निम्न ब्यवस्था भएमा | | | | |
| | | | एक आर्थिक वर्षमा कम्तीमा एकपटक निर्णय दक्षता अभिवृद्धि हुने कार्यक्रमको ब्यवस्था | २ | | | |
| | | | एक आर्थिक वर्षमा पुनर्ताजकी कार्यक्रमको ब्यवस्था भएमा | २ | | | |
| | | | कार्यक्रममा पछाडि पारिएका विशेषतः चेपाङ समुदायका महिलाहरूलाई लक्षित गरिएमा | २ | | | |
| २.२ | | क्षमता अभिवृद्धि कार्यक्रममा महिला विशेषतः चेपाङ महिलाको सहभागीताको व्यवस्था | | | | | |
| | | | गोष्ठी, तालिम, सचेतना, सीप विकास, आदि कार्यक्रममा निम्नानुसार महिला विशेषतः सहभागी हुने ब्यवस्था भएमा<br>▪ उत्तम (५०% वा बढी)<br>▪ मध्यम (३३ देखि ४९% सम्म)<br>▪ सामान्य (५ देखि ३२% सम्म) | ७<br>५<br>३ | | | |
| २.३ | | लैङ्गिक सम्वेदनशील विषयवस्तु/परिवेश | | | | | |
| | | | गोष्ठी, तालिम, सचेतना, सीप विकास कार्यक्रम आदिको विषयवस्तु लैङ्गिक सम्वेदनशील भएमा | ४ | | | |
| | | | लैङ्गिक सम्वेदनशील प्रस्तुतिकरणको प्रावधान (विभिन्न महिलाहरूको फरक आवश्यकतालाई ध्यान पुऱ्याएको जस्तै भाषा, स्थान, समय, आदि) | ३ | | | |
| **३.०** | **कार्यक्रममा महिलाहरूको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता** | | | **३०** | | | |
| ३.१ | | महिलाहरूलाई लाभको (लाभान्वित महिलाको) सुनिश्चितता | | | | | |


| क्र.सं. | क्षेत्रहरू | सूचकहरू | उप सूचकहरू | पूरा अंक | हालको अंक | प्रमख कारणहरू | लक्षित अंक |
|---|---|---|---|---|---|---|---|
| | | | योजना तथा कार्यक्रमबाट तत्काल लाभ पाउने महिलाको अनुपात निम्नानुसार भएमा<br>▪ उत्तम (५०% वा बढी)<br>▪ मध्यम (३० देखि ४९% सम्म)<br>▪ सामान्य (५ देखि २९% सम्म) | <br>८<br>६<br>४ | | | |
| ३.२ | | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक तथा महिलाका विशेष आवश्यकता सम्बोधन | | | | | |
| | | | क्षेत्रगत निकायको कार्य सम्पादनमा रहेका लैङ्गिक आवश्यकता र अवरोधहरु पहिचान तथा समाधान गर्ने कार्यक्रम भएमा<br><u>अवरोधहरू</u><br>क. आर्थिक स्रोतमा कम पहुँच : सार्वजनिक सेवा शुल्क तिर्न नसक्ने<br>ख. कम शैक्षिकस्तर : सार्वजनिक सेवाको वारेमा कम सूचना<br>ग. हिंडडुलमा वन्देज : बैठकहरूमा सहभागीताको लागि सहज वातावरण नहुनु<br>▪ उत्तम (माथि पहिचान गरिएका तीनवटै अवरोध सम्बोधन हुने भएमा)<br>▪ मध्यम (माथि पहिचान गरिएका कुनै दूईवटा अवरोध सम्बोधन हुने भएमा)<br>▪ सामान्य (माथि पहिचान गरिएका कुनै एक अवरोध सम्बोधन हुने भएमा) | <br><br><br><br><br><br>६<br>४<br>२ | | | |
| ३.३ | | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक मैत्री नीति तथा वातावरण | | | | | |
| | | | ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका आदिलाई लैङ्गिकमैत्री बनाउन (समानता प्रबर्द्धन गर्न र विभेदकारी प्रावधान हटाउन)<br>कार्य स्थललाई महिला हिंसामुक्त बनाउन (आचार संहिता, उजुरी सुनवाई व्यवस्था) ब्यवस्था उल्लेख भएमा | ३ | | | |
| | | | महिलाका विशेष आवश्यकतालाई सम्बोधन गर्ने भौतिक सुविधाको ब्यवस्था भएमा -भिन्न शौचालय, बच्चालाई स्तनपान गराउने स्थान, महिला मैत्री कार्यालय | २ | | | |

| क्र.सं. | क्षेत्रहरू | सूचकहरू | उप सूचकहरू | पूरा अंक | हालको अंक | प्रमख कारणहरू | लक्षित अंक |
|---|---|---|---|---|---|---|---|
| | | | कर्मचारी/प्रतिनिधिहरूले लैङ्गिक उत्तरदायी सेवा प्रवाह सम्बन्धी क्रियाकलापहरू जस्तै<br>लैङ्गिक समानता प्रवर्द्धन गर्ने कार्यक्रमहरूबारे महिलाहरूलाई सूचना दिने व्यवस्था, नागरिक बडापत्र, भ्रमण, अभिमूखिकरण तालिम आदिको व्यवस्था भएमा | २ | | | |
| ३.४ | महिलाहरूको लाभको लागि बजेटको सुनिश्चितता | | | | | | |
| | | | लैङ्गिक समानता तथा समता प्रबर्द्धन सम्वन्धी कार्यक्रमका लागि पर्याप्त रकम विनियोजन गरिएको | १ | | | |
| | | | लैङ्गिक समानता तथा समता प्रबर्धक कार्यक्रमका लागि विनियोजन गरिएको रकम सोही काममा खर्च हुने सुनिश्चितता भएमा | १ | | | |
| ३.५ | लैङ्गिक अनुगमन तथा मूल्याङ्कनको ब्यवस्था (कार्यक्रमको सबै तहमा विभिन्न लिङ्ग, जाति, उमेर, अपाङ्गता, आदिको आधारमा सूचना र तथ्याङ्क संकलन तथा मूल्यांकनको ब्यवस्था) | | | | | | |
| | | | कार्यक्रमबाट लाभ प्राप्त गर्ने महिला/पुरूषको भिन्ना भिन्नै विवरण आउने गरी अभिलेख राखेमा | २ | | | |
| | | | गाउं वा नगरपालिकाको कार्य सम्पादनको वार्षिक प्रगति प्रतिवेदन तथा समीक्षामा लैङ्गिक समानता सम्बन्धमा भएका प्रगतिहरु<br>(क) नीति, योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागीता, महिलाको क्षमता अभिवृद्धि तथा महिलाको लाभ तथा नियन्त्रणमा भएका प्रगति समीक्षा गरिएमा<br>(ख) लैङ्गिक समानता सुनिश्चित गर्न विनियोजित बजेट सोही काममा खर्च भए नभएको लेखाजोखा गरिएमा | १<br>१ | | | |
| | | | समीक्षाबाट आएका सिकाइहरूका आधारमा आगामी वर्षको योजना/बजेट तर्जुमा गरिएमा | १ | | | |
| | | | सञ्चालित कार्यक्रमको लैङ्गिक परीक्षण तथा मूल्यांकन गर्ने ब्यवस्था भएमा | २ | | | |
| **४.०** | **महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि** | | | **२०** | | | |
| ४.१ | | महिलाहरूको लागि रोजगारीको अवसरको उपलब्धता | | | | | |

| क्र.सं. | क्षेत्रहरू | सूचकहरू | उप सूचकहरू | पूरा अंक | हालको अंक | प्रमख कारणहरू | लक्षित अंक |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यक्रमबाट प्राप्त रोजगारीमा सहभागिताको सुनिश्चितता<br>(रोजगारीमा महिलाहरूले प्राप्त गरेको लाभको अवस्था तथा उपभोक्ता समिति वा ठेक्कापट्टाका विकास कार्यहरूबाट प्राप्त अवसरमा महिलाले लाभ पाएको अवस्था निम्नानुसार भएमा)<br>▪ उत्तमः ५०% बढी अवसर महिलाले प्राप्त गरेमा<br>▪ मध्यमः ३३ देखि ४९% सम्म अवसर महिलाले प्राप्त गरेमा<br>▪ सामान्य : ५ देखि ३२% सम्म अवसर महिलाले प्राप्त गरेमा | <br><br><br>८<br>६<br>४ | | | |
| ४.२ | | आय आर्जनका वैकल्पिक अवसर वा क्षमता विकासका अवसर सिर्जना हुने भएमा | | | | | |
| | | | सञ्चालित कार्यक्रमबाट तत्काल सिर्जित रोजगारी बाहेक आय आर्जनका वा क्षमता विकासका अन्य वैकल्पिक अवसरहरु सिर्जना हुन सक्ने अवस्था भएमा | ७ | | | |
| ४.३ | | समान ज्याला दर | | | | | |
| | | | उपलब्ध रोजगारीमा महिला र पुरूषका लागि समान ज्यालाको सुनिश्चितता भएमा | ५ | | | |
| **५.०** | **महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्य बोझमा कमी** | | | **१०** | | | |
| ५.१ | | कार्य सम्पादनमा सहजता र समयको बचत | | | | | |
| | | तुरून्त लाभ हुने तथा महिलाको समय बचत हुने नयाँ प्रविधि, तौर तरिकाको प्रयोगको ब्यवस्था भएमा (खानेपानी, निर्माण आदि, खुल्ला दिशा मुक्त क्षेत्र, सुधारिएको चुलो आदि लगायत अन्य विकास निर्माणका कार्य र विकास कार्य गर्दा लैङ्गिक लेखाजोखा गर्ने गरेको, आदि) | | ४ | | | |
| ५.२ | | परम्परागत भूमिका परिवर्तनका लागि दीर्घ कालीन प्रयास भएमा | | | | | |
| | | परम्परागत रूपमा गरिने श्रम विभाजन भन्दा भिन्न प्रकृतिको कार्यमा महिलाहरूको भूमिकामा रूपान्तरण हुने ब्यवस्था भएमा (जस्तैः नयाँ पेशागत क्षमता विकास योजना, महिलाको नेतृत्व तहमा अर्थपूर्ण सहभागीता) | | २ | | | |
| | | महिलाहरूको तलव नपाउने कामको महत्व, घरायसी कामको कार्यबोझ बारे प्रशिक्षण तथा प्रचार सामग्री तयार र वितरण | | २ | | | |
| | | यस्ता घरायसी काममा पुरूषको सहभागीता अभिवृद्धि गरी सहकार्यको प्रवर्धन गर्ने कार्यहरू गरेमा | | २ | | | |


अगुवा चेपाङ्ग महिला पैरवी मञ्च महिलाहरू चेपाङ्ग महिलाको लागि बजेट छुट्याउन पैरवी गर्दै ।
गाउँ/नगर पालिका प्रमुख


नगर पालिका प्रमुख
सञ्जाल अध्यक्ष
नेपाल चे.सं.अध्यक्ष
गाउँ पालिका प्रमुख
नेपाल चेपाङ संघ र सरोकारवाला बीच अन्तरक्रिया कार्यक्रम
लैङ्गिक मैत्री सुशासन प्रवर्द्धनका लागी
पत्रकार
नागरिक समाज अगुवा
संस्था प्रतिनिधि


गाउँ/नगरपालिका
कार्यालय
उप प्रमुख


अगुवा चेपाङ महिला पैरवी
मञ्चको बैठक

# चेपाङ महिला नेतृत्व प्रवर्द्धन

चेपाङ महिला नेतृत्व प्रवर्द्धनमा विभिन्न वर्गको भूमिका रहेको हुन्छ ।

## नागरिक समाज तथा स्थानीय अगुवाहरूको भूमिका

- चेपाङ महिलाहरूको निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागीताको लागि सघाउनका निम्ति सहयोगी वातावरण, नीति तथा कार्यक्रम बनाउन अभिप्रेरित र पैरवी गर्ने
- चेपाङ महिला राजनीतिक दल, उपभोक्ता समिति, वन, खानेपानी तथा स्थानीय व्यवस्थापन समिति -विद्यालय, नागरिक वडा मञ्चमा सहभागिताका निम्ति आवश्यक सरसल्लाह प्रदान गर्ने

## स्थानीय सरकारी निकायहरूको भूमिका

- चेपाङ महिलाको हक अधिकार प्रवर्द्धनका साथै सेवा सुविधालाई चेपाङमुखी बनाउनका निम्ति आफ्नो जिम्मेवारी वहन र पदहरूको सहि सदुपयोग गर्ने
- सार्वजनिक नीति, योजना निर्माणका निर्णय प्रक्रियामा चेपाङ महिलाको अर्थपूर्ण सहभागिताका लागि सघाउने खालका नीति, कार्यक्रम वा रणनीति ल्याउने

## चेपाङ समुदायका अगुवाहरूको भूमिका

- स्थानीय निकायहरूमा चेपाङ महिलाहरूको सहभागीता सुनिश्चित गर्ने, चेपाङ महिलाको क्षमता अभिवृद्धि गर्ने, योजना निर्माण तथा निर्णय प्रकृयामा चेपाङ महिलाहरूको अर्थपूर्ण सहभागीता अभिवृद्धि गर्न सहयोग गर्ने ।
- नागरिक समाजको अगुवाईमा लैङ्गिक मैत्री बजेट सोधखोज गर्ने, सामुदायीक अंकपत्र अभ्यास गर्ने ।
- चेपाङ महिलाहरूको विभिन्न राजनीतिक, आर्थिक, सामाजिक शैक्षिक, मुद्दाहरूमा पैरवी गर्ने ।




## डेभलप्मेन्ट एक्सचेन्ज सेन्टर (डेक) नेपाल, सौराहा, चितवन

डेभलपमेन्ट एक्सचेन्ज सेन्टर – नेपाल (डेक – नेपाल)
रत्ननगर नगरपालीका ६, सौराहा, चितवन

Website: www.decnepal.org.np
Email: decnepalcdr@gmail.com

1-056 580075

# बाल विवाह कानुनी अपराध हो Û बाल विवाह बन्द गरौ Û

मुलुकी अपराध संहिता २०७४ अनुसार परिच्छेद - ११ विवाह सम्बन्धी कसूर अन्तरगत १७३. बाल विवाह गर्न नहुने:

**२० वर्ष नपुगी विवाह गरेमा के हुन्छ त ?**

**(१) बाल विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन । यदी कानुन विपरीत भएको विवाह स्वत: बदर हुनेछ ।**




**बाल विवाह को कसूर गराउने, गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस देखी सत्तरी हजार रूपैयाँसम्म जरिबाना हुनेछ ।**



**यदी वाल विवाह हुनलागेमा वा गरेको थाहापाएमा वाल हेल्पलाईन नेपालका पैसा नलाग्ने १०९८ मा सम्पर्क गर्नु होला, साथै नेपाल प्रहरीको १०० मा खवर गर्नुहोला**

DEVELOPMENT EXCHANGE CENTER NEPAL

Nepal Chepang Association

UNDEF The United Nations Democracy Fund

# बहुविवाह गर्नु कानुनि अपराध हो ! बहुविवाह बन्द गरौ !

मुलुकी अपराध संहिता २०७४ दफा १७५ मा वहुविवाह गर्न नहुनेः

बहुविवाह गर्नु भनेको महिला तथा बालवालिका माथिको हिंसा हो । अपराध पनि हो ।

(१) विवाहित पुरूष वा महिलाले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन ।

(२) कुनै पुरूष वा महिला विवाहित हो भन्ने जानीजानी अर्क पुरूष वा महिलासँग विवाह गरेमा वहुविवाह जस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना हुने छ ।





शारीरिक, मानसिक, यौनिक वा आर्थिक प्रकृतिका
लैङ्गिक हिंसा भएमा तुरुन्त खबर गरौं

**नि:शुल्क सेवा**
**'खबर गरौं ११४५'**

खबर गरौं ११४५
लैङ्गिक हिंसा विरुद्ध हामी

DEVELOPMENT EXCHANGE CENTER NEPAL

Nepal Chepang Association

UNDEF The United Nations Democracy Fund